NTNC

# सरसी

● वर्ष २४ ● अङ्क ४५ ● २०७७

समाचार पत्र



## राष्ट्रिय प्रकृति संरक्षण कोष
## जैविक विविधता संरक्षण केन्द्र

सौराहा, चितवन

यस अङ्कभित्र

- सम्पादकीय २
- केन्द्रद्वारा २०७६ माघ १ गतेदेखि २०७७ असार मसान्तसम्ममा सम्पन्न गरिएका मुख्य कार्यक्रमहरु ३-१६

NTNC

वर्ष २४ अङ्क ४५ श्रावण २०७७

राष्ट्रिय प्रकृति संरक्षण कोष
जैविक विविधता संरक्षण केन्द्र

"समृद्धिका लागि संरक्षण"

समाचार पत्र

लेखन तथा सम्पादन
ऋषि राम सुबेदी

सल्लाहाकार
रामकुमार अर्याल
डा.बाबुराम लामिछाने
अनिल प्रसाई
सन्तोष भट्टराई

प्रकाशक
राष्ट्रिय प्रकृति संरक्षण कोष
जैविक विविधता संरक्षण केन्द्र

मुद्रण
कालिका छापाखाना
न्यूरोड, नारायणगढ
फोनः ०५६-५७१५४२/५७०११४

कम्प्यूटर कला
मदन सेन्चुरी

## राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र

नेपालको प्राकृतिक सम्पदा तथा जैविक विविधता संरक्षण एवं व्यवस्थापनमा नेपाल सरकारका प्रयासहरूलाई सहयोग गर्ने उद्धेश्यले वि. स. २०३९ सालमा तत्कालिन श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष स्वायत, नाफारहित संस्थाको रुपमा ऐनद्वारा यसको स्थापना गरिएको थियो । वि. स. २०६३ साल असोजमा कोषको ऐन संशोधन सहित राष्ट्रिय प्रकृति संरक्षण कोष नामाकरण भई कोषको गरिमामय संरक्षकमा राष्ट्रका सम्मानतीय प्रधानमन्त्री हुने व्यवस्था र संरक्षकले तोकेको व्यक्ति अध्यक्ष रहने व्यवस्था गरेको छ । हाल माननिय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेत कोषको अध्यक्ष हुनुहुन्छ । कोषको सञ्चालन समितिमा वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालयका सचिवज्यूहरू तथा ख्याती प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरू रहने प्रावधान छ । कोषलाई सहयोग गर्न क्यानडा, फ्रान्स, नेदरल्याण्डस्, जापान र बेलायतमा अन्तराष्ट्रिय च्याप्टरहरू स्थापना भएका छन् ।

प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण गर्दै दिगो विकासको सुनिश्चितताका लागि जनसहभागितामा आधारित भएर संरक्षण र विकासका कार्यक्रमहरूलाई संगसंगै लिएर जानु पर्दछ भन्ने कोषको सिद्धान्त रहदै आएको छ। यसै सिद्धान्तमा आधारित रहेर कोषले तराईका जिल्लाहरूमा (चितवनमा जैविक विविधता संरक्षण केन्द्र, बर्दियामा बर्दिया संरक्षण कार्यक्रम, कञ्चनपुरमा शुक्लाफाँटा संरक्षण कार्यक्रम) र पहाडका विभिन्न जिल्लाहरूमा (अन्नपूर्ण संरक्षण क्षेत्रमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मनास्लु संरक्षण क्षेत्रमा मनास्लु संरक्षण क्षेत्र आयोजना र गौरीशंकर संरक्षण क्षेत्रमा गौरीशंकर संरक्षण क्षेत्र आयोजना) र ललितपुरको सदर चिडियाखाना सञ्चालन तथा व्यवस्थापन गर्दै आइरहेको छ ।

चितवन राष्ट्रिय निकुञ्जको स्थापनासंगै बाघको अध्ययन अनुसन्धान गर्न सन् १९७३ मा टाइगर इकोलोजी प्रोजेक्टको रुपमा स्थापना भएको यस केन्द्र सन् १९८३ मा बाघ लगायत तराईमा पाइने पारिस्थीतिकिय प्रणाली एवं साना मांसहारी जनावरहरूको अध्ययन अनुसन्धान गर्न तराई इकोलोजी प्रोजेक्टको नाममा कार्य सञ्चालन गरेको थियो । त्यस पश्चात केन्द्रले सन् १९८६ देखी १९८९ सम्म एक सिंगै गैडाको बानी व्यहोरा तथा यसको बासस्थानको अध्ययन अनुसन्धान एवं स्थानान्तरण र अनुगमनमा बढी केन्द्रित थियो। तत् पश्चात जनजहभागितामा आधारित संरक्षण तथा विकासका कार्यक्रम गर्नुका साथै विभिन्न खाले तालिम प्रदान गर्न उक्त केन्द्रलाई तत्कालीन श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गरी यसलाई नेपाल संरक्षण, अनुसन्धान तथा तालिम केन्द्र भनि नामाकरण गरियो । वन, वन्यजन्तुहरूको अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने, स्थानीय जनसमुदायहरूलाई प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापनमा सबल बनाउने तथा उनीहरूको जीवनस्तर माथि उकास्न सहयोग गर्ने एवं क्षेत्रीय स्तरको अध्ययन, अनुसन्धान तथा तालिम केन्द्रको रुपमा विकास गर्ने उद्देश्यका साथ सन् २००३ मा यसको नाम परिवर्तन गरी हालको जैविक विविधता संरक्षण केन्द्र नामाकरण गरिएको हो। चितवन राष्ट्रिय निकुञ्ज, यसको मध्यवर्ती क्षेत्र तथा बरण्डाभार जैविक मार्ग लगायत यसका आसपास रहेका वन क्षेत्रका स्थानीय उपभोक्ताहरूका साथै सरोकारवालाहरूसँग समन्वय गरी यस केन्द्रले स्थापनाकालदेखी नै संरक्षण तथा विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आवश्यकता अनुसार समस्यामुलक वन्यजन्तुहरूलाई नियन्त्रण गर्न तथा असाहय, टुहुरा तथा घाइते वन्यजन्तुहरूको औषधि उपचार, हेरचाह एवं व्यवस्थापन गर्न समेत यस केन्द्रले नेपाल सरकार र स्थानीय निकायहरूलाई प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउदै आएको छ । यसैगरी पर्सा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा पनि कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यका साथ वि. स. २०६७ सालदेखि यस केन्द्र अन्तरगत रहने गरी पर्सा संरक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ भने कोशी टप्पु वन्यजन्तु आरक्ष र झापामा समेत वन्यजन्तु संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनको कार्यक्रम गरेको छ साथै समस्याग्रस्त वन्यजन्तुको नियन्त्रण, उद्धार, उपचार र व्यवस्थापनका लागि यस केन्द्रले नेपाल भरि नै सेवा दिँदै आएको छ ।

# सम्पादकीय

## जैविक विविधता संरक्षणमा स्थानीय सरकार र सहकार्यको आवश्यकता

मानव र सम्पूर्ण जीवजन्तुहरुको जीवनको अस्तित्व पृथ्वीको जैविक विविधतासंगै जोडिएको छ। गणतन्त्र नेपालको संविधानले जैविक विविधताको संरक्षणलाई सुनिश्चित गरेको छ। संविधान अनुसार जैविक विविधता संरक्षण संघ, प्रदेश र स्थानिय तहको साझा अधिकार क्षेत्र भित्र पर्दछ। स्थानीय स्तरमा जैविक विविधता संरक्षणको लागि स्थानीय सरकारहरु जिम्मेवार हुन्छन् तर जैविक विविधता संरक्षण बहुआयामिक र कतिपय अवस्थामा सोचे भन्दा जटिल हुने हुदाँ सहकार्य र समन्वयको आवश्यकता पनि पर्दछ। स्थानीय स्तरमा संरक्षण कार्यक्रम, योजना र नीति नियम बनाउँदा दुईवटा कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ। पहिलो हो, जैविक विविधता राज्यले निर्धारण गरेको राजनीतिक सिमाना भित्र संकुचित हुदैन। अझै धेरै अवस्थामा त राजनीतिक र प्रशासनिक प्रयोजनले बनाइएका सिमानासंग कुनै सम्बन्ध हुदैन। दोश्रो महत्वपुर्ण कुरा जैविक विविधता संरक्षण एक बहुआयामिक र बहुसरोकारवालासंग सम्बन्धित् विषय हो। यसले संरक्षणको अर्को महत्वपूर्ण पाटोलाई संकेत गर्दछ, त्यो हो सहकार्य। सहकार्यका विभिन्न तह र आयमहरु हुन्छन् जस्तैः स्थानीय निकाय भित्रैका सरोकारवालाहरुको बिचमा सहकार्य, छिमेकी स्थानीय सरकारहरु बीचको सहकार्य, स्थानीय सरकारको प्रदेश र संघीय सरकारसंगको सहकार्य र स्थानीय सरकारको अन्य सरोकारवाला अनुसन्धान र संरक्षणमुखी संस्थाहरुसंगको सहकार्य।

जैविक विविधताको संरक्षणमा परिणाम हासिल गर्नको लागि विभिन्न सरोकारवालाहरु बीचमा बृहत सहकार्य र समन्वय हुन जरुरी छ भन्ने कुरा विभिन्न स्थानमा सफल भएका संरक्षण कार्यहरुले प्रमाणित गरि सकेका छन्। सहकार्य र समन्वय कति महत्वपूर्ण छ भन्ने कुरा जैविक विविधता सम्बन्धि विद्यमान द्विदेशीय, बहुपक्षिय तथा अर्न्तराष्ट्रिय सन्धि र सम्झौताहरुबाट पनि प्रष्ट हुन्छ। नेपालको जैविक विविधता राष्ट्रिय रणनीति र कार्ययोजना २०१४ ले पनि स्थानीय स्तरका योजना बनाई संरक्षण गर्ने कुरालाई उच्च महत्व दिएको छ। जैविक विविधता सम्बन्धि महासन्धि (Convention on Biological Diversity) १९९२, बसाईसराई गर्ने प्रजाति सम्बन्धि बोन महासन्धि १९७९, जैविक विविधता लक्ष्यहरु २०२०, जीव र वनस्पतिका प्रजातिको अर्न्तराष्ट्रिय व्यापार सम्बन्धि महासन्धि (CITES) १९७३, अर्न्तराष्ट्रिय महत्वका सिमसार संरक्षण बारे रामसार अभिसन्धि सबैले जैविक विविधता संरक्षणको लागि विभिन्न पक्षहरु बीचको सहकार्य र समन्वयलाई उच्च प्राथमिकता दिएका छन्। त्यसैगरी कार्यक्रम वा परियोजना तहमा पनि सहकार्यलाई महत्वपूर्ण रणनीतिको रुपमा अङ्गिकार गर्न थालिएको छ।

जैविक विविधताको आफ्नै प्रकृतिले पनि स्थानीय सरकारहरुलाई संगसंगै काम गर्न प्रेरित गर्छ। जस्तैः वन जंगलमा भएका बाघ, चितुवा जस्ता जनवारहरु ठुलो भूगोलमा विचरण गर्छन। यसरी विचरण गर्ने क्षेत्र एक भन्दा बढी स्थानीय सरकारको क्षेत्रमा पर्न सक्छ। यस्तो अवस्थामा एउटा मात्र स्थानीय सरकारले योजना बनाएर संरक्षण गर्नु सम्भव हुदैन। तसर्थ, सम्बन्धित् सबैले संगै मिलेर काम गर्नुपर्छ। अर्को उदाहरणको लागि नदी र जलाधार व्यवस्थापनलाई लिन सकिन्छ। एउटै जलाधार क्षेत्र दुई वा दुई भन्दा बढी स्थानीय सरकार मातहतमा पर्न सक्छन्। यस्तो अवस्थामा जलाधारको तल्लो वा माथिल्लो तटिय क्षेत्रमा पर्नेले मात्र जलाधार व्यवस्थापन गर्ने कुरा प्राय असम्भव नै हुन्छ। तसर्थ, स्थानीय सरकारहरुले एक अर्काको साथै प्रदेश तथा केन्द्र सरकारसंगपनि सहकार्य गर्दै जैविक विविधता संरक्षण कार्यक्रम बनाउनु पर्दछ।

कतिपय अवस्थामा संरक्षण खर्चिलो र प्राविधिक रुपमा जटिल हुन सक्छ। यस्तो अवस्थामा यस सम्बन्धि ज्ञान तथा श्रोत साधन भएका सरकारी, गैह्र सरकारी, सार्वजनिक संघ, संस्थाहरु तथा विश्व विद्यालय एवं नीजि कम्पनी लगायतसंग सहकार्य गर्दै आर्थिक र प्राविधिक व्यवस्थापन गर्न सकिन्छ। संरक्षणको लागि प्रजातिदेखि प्राकृतिक प्रक्रिया र चक्रसम्मको ज्ञान आवश्यक पर्दछ। यस्तो ज्ञानको लागि पनि सहकार्यको आवश्यकता पर्दछ। त्यसैगरी संरक्षण क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्र सरकारी संघ, संस्थाहरुसंगको अनुभव, विज्ञता र उनीहरुको संजाल पनि उपयोगी हुन सक्छ। त्यसैले जैविक विविधता संरक्षणको लागि सरोकारवालाहरुसंग सहकार्य गर्दै आफ्नो क्षमता अभिवृद्धी गर्नसके स्थानीय सरकार राष्ट्रिय र अन्तराष्ट्रिय वातावरणीय लक्ष्यहरु प्राप्त गर्न र स्थानीय वातावरण संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन।

# केन्द्रद्वारा २०७६ माघ १ गतेदेखि २०७७ आषाढ मसान्तसम्ममा सम्पन्न गरिएका कार्यक्रमहरू

## १.० वन्यजन्तु अध्ययन, अनुसन्धान तथा अनुगमन कार्यक्रम

### १.१ स्थानान्तरण गरिएका अर्नाको अनुगमन

चितवन राष्ट्रिय निकुञ्जमा वि. स. २०७३ साल माघमा कोशीटप्पु वन्यजन्तु आरक्षबाट २ वटा भाले र १० वटा पोथी तथा सदर चिडियाखाना ललितपुरबाट १ वटा भाले र २ वटा पोथी गरी जम्मा १५ वटा अर्ना स्थानान्तरण गरी ल्याइएको थियो। चितवन राष्ट्रिय निकुञ्जको पूर्वी सेक्टरमा पर्ने पुरानो पदमपुर क्षेत्रमा करिव २० हेक्टर क्षेत्र भित्र खुल्ला खोर (Enclosure) निर्माण गरी अर्ना राखिएको छ। बाघ लगायत अन्य माँसहारी वन्यजन्तुको शिकारबाट अर्नालाई बचाउन उक्त खोरमा राख्ने व्यवस्था गरिएको हो। खोर भित्र घाँसे मैदान र पानीको स्रोत व्यवस्थापन गरिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, सौराहाको प्राविधिक सहितको टोलीले अहिलेपनि अर्नाको नियमित अनुगमन, रेखदेख तथा स्वास्थ्य परिक्षण गर्नुका साथै खुल्ला खोरको व्यवस्थापन गर्दै आईरहेको छ। यसरी राखिएका अर्नाहरु मध्ये प्राकृतिक कारणले ५ वटाको मृत्यु भएको थियो भने १ वटालाई बाघले आक्रमण गरेको थियो। यसै वीच अर्नाले ५ वटा बच्चा जन्माएको मध्ये १ वटा बच्चा मरेको (अजिंगरले खाएको) र ४ वटा बच्चा खोर भित्र हुर्किरहेका छन्। यी सहित उक्त क्षेत्रमा अहिले १३ वटा अर्नाहरु रहेका छन्।

### १.२ सालक संरक्षण तथा अध्ययन



विश्वमा ८ प्रजातीका सालक पाइन्छन् भने नेपालमा कालो र तामे प्रजातीका सालक मात्रै पाइन्छन्। कालो सालक अति संकटापन्न अवस्थामा रहेको छ भने तामे सालक संकटापन्न अवस्थामा छ। सालकको अवस्था पत्ता लगाई यसको बासस्थान, गुँड (दुलो), माटोको प्रकार बारे अध्ययन गरी स्थानीय समुदायमा सचेतना अभिबृद्धि गर्ने उद्देश्यले यूएसएड हरियो वन कार्यक्रमको आर्थिक सहयोग तथा राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, सौराहाको प्राविधिक सहयोगमा कंकाली, अजिंगरे, कालिका, अमृतधारापानी, दुधकोशी र बाघदेवी सामुदायिक वन क्षेत्रमा क्यामेरा ट्र्यापिङ्ग प्रविधिद्वारा सालक अध्ययन गरियो। विगत बर्षहरुमा जस्तै यस बर्षपनि मिति २०७६ साल माघ १० गतेदेखि फाल्गुण मसान्तसम्म उक्त अध्ययन गरिएको थियो साथै सालक पाइने चितवनका अजिंगरे र अमृतधारापानी तथा मकवानपुरको रानी, न्यूरेनी, चुच्चेखोला र असोक सामुदायिक वन उपभोक्ता समूहहरुलाई सालक संरक्षण सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग समेत उपलब्ध गराइएको छ। अध्ययन अनुसन्धानका क्रममा कयौं पटक सालक क्यामेरामा कैद भएका छन् भने सालकले सो अवधीमा आफ्नो दुलो रातो माटो भएको स्थान तथा दुलो उत्तर पश्चिम दिशामा खनेको पाइएको छ। सालकले एउटै दुलोलाई बहुबर्षिय रुपमा प्रयोग गरेको पाइयो। करिव ४० प्रतिशत दुलोहरु सालकले आफ्नो बासस्थानको रुपमा प्रयोग गर्ने गरेको पाइएको छ।

### १.३ वन्यजन्तु अनुवाँशिक अध्ययन प्रयोगशाला

अनुवाँशिक अध्ययन मार्फत वन्यजन्तुको दिगो संरक्षण तथा प्रभावकारी व्यवस्थापनमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने उद्देश्यले यस केन्द्रमा वि. स. २०७४ सालमा स्थापना गरिएको अनुवाँशिक प्रयोशालामा तपसिलमा उल्लेखित् वन्यजन्तुहरुको परिक्षणहरु गरिएको छ।

तालिका नं. १: अनुवांशिक परिक्षण गरिएको:

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १.० | अनुवांशिक परिक्षण | गैंडाको ३० वटा दिसाको नमूना । | चितवन राष्ट्रिय निकुञ्जको विभिन्न स्थानबाट संकलन गरिएको गैंडाको ३० वटा दिसाको नमूनाबाट गैडाको अनुवाँशिक परिक्षण गरिएको । |
| २.० | अनुवांशिक परिक्षण | हात्तीको ३५० वटा दिसाको नमूना । | चितवन, पर्सा र बर्दिया राष्ट्रिय निकुञ्ज तथा कोशीटप्पु वन्यजन्तु आरक्षबाट संकलन गरिएको हात्तीको ३५० वटा दिसाको नमूनाको अनुवाँशिक परिक्षण गरि DNA Based Individual Profile निर्माण गरिएको । |
| ३.० | ल्यावरोटरी परिक्षण | हात्तीको ३ वटा रगतको नमूना । | चितवन राष्ट्रिय निकुञ्जबाट संकलन गरिएको ३ वटा हात्तीको रगत नमूनाहरुबाट Elephant Endotheliotropic Herpes Virus Diseases Diagnosis गरिएको । |
| ४.० | ल्यावरोटरी परिक्षण | गैंडाको १ वटा रगतको नमूना । | चितवन राष्ट्रिय निकुञ्जबाट संकलन गरिएको १ वटा गैंडाको रगत नमूनाहरुबाट Anthrax Diseases Diagnosis गरिएको । |
| ५.० | अनुवांशिक परिक्षण | सालकको ९६ वटा दिसाको नमूना । | पूर्वी नेपालको विभिन्न स्थानबाट संकलन गरिएको सालकको ९६ वटा दिसाको नमूनाको DNA Extraction to study genetic diversity गरिएको । |
| ६.० | अनुवांशिक परिक्षण | सालकको ५ वटा रगतको नमूना । | उद्धारको क्रममा नेपालको विभिन्न स्थानबाट उद्धार गरी ल्याइएका सालकको ५ वटा रगतको नमूनाको DNA Extraction to study genetic diversity गरिएको । |
| ७.० | ल्यावरोटरी परिक्षण | चितुवाको ५ वटा रगतको नमूना । | उद्धारको क्रममा नेपालको विभिन्न स्थानबाट उद्धार गरी ल्याइएका चितुवाहरुको सकलन गरिएको ५ वटा रगतको नमूनाबाट RNA Extraction गरी disease diagnosis गर्दा नेपालमा पहिलो पटक चितुवामा Canine Distemper Virus (CDV) पाइएको छ । |

### १.४ गैंडा अनुगमन

निश्चित क्षेत्रमा रहेका प्रत्येक गैंडाहरुको हुलिया पहिचान गरी आईडी दिएर नियमित रुपमा अनुगमन गर्ने विधी नै आईडीका आधारमा गैडा अनुगमन गर्ने विधी हो । गैंडा संरक्षण तथा तिनीहरुको उचित व्यवस्थापनका लागि आवश्यक पर्ने वैज्ञानिक सूचनाहरु नियमित रुपमा संकलन गर्दै गैंडा संरक्षणमा थप टेवा पुऱ्याउने उद्देश्यले चितवन राष्ट्रिय निकुञ्ज तथा यसको मध्यवर्ती वन क्षेत्रहरु गैंडाको महत्वपूर्ण बासस्थान भएको क्षेत्र पहिचान गरी अनुगमन गरिदै आएको छ। उक्त कार्य यस केन्द्रले सन् २००८ देखि नै शुरु गरेको थियो। यसैको निरन्तरता स्वरुप यस अवधीमा केन्द्रद्धारा चितवन राष्ट्रिय निकुञ्जको पूर्वी सेक्टरमा पर्ने बरण्डाभार जैविक मार्ग, खोरसोर, बाघमारा, कुमरोज, जनकौली तथा चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा नियमित रुपमा गैंडा अनुगमन गरिएको छ। विगत र यस बर्ष गरी जम्मा १०५ वटा गैंडाहरुको पहिचान गरी आईडी तयार गरिएको छ। जसमध्ये ५२ वटा भाले, ३८ वटा पोथी र १५ वटा लिंग पहिचान हुन नसकेका गैंडाहरु छन् भने पर्सा राष्ट्रिय निकुञ्जमा ५ वटा गैंडा पहिचान भएका छन् ।

### १.५ घडियाल गोही सर्वेक्षण

चितवन राष्ट्रिय निकुञ्ज भएर बग्ने ढुङ्गे, बुढीराप्ती, राप्ती र नारायणी नदीमा रहेका घडियाल गोहीहरुको अनुगमन कार्य मिति २०७६ फाल्गुण १ गतेदेखी ६ गतेसम्म गरिएको थियो। उक्त अनुगमनमा जम्मा २३० वटा घडियाल गोही तथा १३६

वटा मगर गोहीहरु राप्ती र नारायणी तथा यसका सहायक नदीहरुमा पाइएको थियो । उक्त सर्वेक्षण कार्यका लागि जेड. एस. एल नेपालले घडियाल संरक्षण परियोजना मार्फत आर्थिक सहयोगमा उपलब्ध गराएको थियो ।




### १.६ वन्यजन्तुको पोष्टमार्टममा सहयोग

चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रका साथै नेपालका विभिन्न स्थानमा विभिन्न कारणले मरेको वन्यजन्तुहरु के कति कारणले मरेका हुन् भन्ने पत्ता लगाई अध्ययन अनुसन्धान गर्ने कार्यमा यस केन्द्रले सहयोग गर्दै आएको छ । यस बर्ष चितवन राष्ट्रिय निकुञ्ज तथा यसको मध्यवर्ती क्षेत्रमा मरेका २६ वटा मध्ये २१ वटा गैंडाको पोष्टमार्टममा यस केन्द्रले सहयोग पुर्‍याएको छ । नेपालको विभिन्न स्थानहरुमा मरेका वन्यजन्तुको पोष्टमार्टम गर्न यस केन्द्रले सहयोग पुर्‍याएको विवरण तालिका नं २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २: पोष्मार्टम गर्न सहयोग गरिएका वन्यजन्तुहरु:**

| क्र.स. | मिति | वन्यजन्तुको नाम | लिङ्ग | उमेर | स्थान | संख्या |
|---|---|---|---|---|---|---|
| १.० | २०७६।१०।९ | गैंडा | पोथी | वयस्क | दुधौरा क्षेत्र | १ |
| २.० | २०७६।१०।१४ | गैंडा | पोथी | वयस्क | तमासपुर क्षेत्र | १ |
| ३.० | २०७६।१०।१८ | गैंडा | भाले | वयस्क | भुताहा क्षेत्र | १ |
| ४.० | २०७६।१०।२४ | गैंडा | थाहा नभएको | वयस्क | शेरी पोष्ट क्षेत्र | १ |
| ५.० | २०७६।१०।२४ | गैंडा | पोथी | बच्चा | अमलटारी क्षेत्र | १ |
| ६.० | २०७६।११।२ | गैंडा | भाले | वयस्क | घट्गाई क्षेत्र | १ |
| ७.० | २०७६।११।४ | गैंडा | पोथी | वयस्क | भेलौजी | १ |
| ८.० | २०७६।११।१८ | गैंडा | पोथी | वयस्क | सुरुंगखोला क्षेत्र | १ |
| ९.० | २०७६।११।२८ | गैंडा | भाले | बच्चा | गाजाँपुर क्षेत्र | १ |
| १०.० | २०७६।११।३० | गैंडा | भाले | वयस्क | डुमरिया क्षेत्र | १ |
| ११.० | २०७७।०१।३ | गैंडा | भाले | वयस्क | सुकेभार चिसापानी घोल | १ |
| १२.० | २०७७।१।२५ | गैंडा | भाले | वयस्क | खोरियामुहान क्षेत्र | १ |
| १३.० | २०७७।२।२१ | गैंडा | पोथी | वयस्क | जनेली क्षेत्र | १ |
| १४.० | २०७७।२।०४ | चितुवा | भाले | अर्धवयस्क | गोर्खा - ५, दक्षिकाली | १ |
| १५.० | २०७७।२।१२ | काठे भालु | भाले | वयस्क | पूर्व पश्चिम राजमार्गको टिकौली क्षेत्र | १ |
| १६.० | २०७७।२।५ | हात्ती | भाले | वयस्क | सिन्धुली | १ |

### १.७ जंगली हात्तीमा रेडियो कलर जडान

चितवन जिल्लाको विभिन्न क्षेत्रमा रहेका मानव बस्तीहरुमा प्रवेश गरी क्षति गर्ने रोनाल्डो नामक भाले हात्तीलाई वि. स. २०७६ साल पौष २४ गते र पुन: वि.स. २०७६ साल फाल्गुण २३ गते तथा धुव्रे नामक भाले हात्तीलाई वि. स. २०७७



साल बैशाख ११ गतेकादिन डार्ट गरी सेटलाइट रेडियो कलर जडान गरिएको छ । उक्त रेडियो कलर डिभाइसले नियमित रुपमा हात्ती रहेको स्थानको जानकारी दिन्छ । यसबाट हात्ती कहाँ रहेको छ, कता जाँदै छ, भन्ने कुरा कार्यालयमा नै रहेको कम्प्युटरबाटै निगरानी गर्न सकिन्छ। हात्ती मानव बस्ती छेउछाउ पुगेको पहिल्यै थाहा पाउँदा नजिकका सुरक्षाकर्मी र बस्तीलाई सतर्कताका लागि सुचना दिन सजिलो हुन्छ । त्यसो हुँदा सम्भावित क्षतिबाट बच्न सकिन्छ । यो समेत गरी विगत दुई बर्षमा ७ वटा हात्तीहरुमा यस केन्द्रको सहयोगमा रेडियो कलर जडान गरिएको छ ।

### १.८ बाघको आहार प्रजातीको सर्वेक्षण तथा विरालो प्रजातीको दिसा संकलन

चितवन राष्ट्रिय निकुञ्जलाई बरण्डाभार जैविक मार्गले अन्नपूर्ण संरक्षण क्षेत्रसंग जोडेको छ। सो जैविक मार्गको विच भाग भएर पूर्व पश्चिम राजमार्ग गएको छ। पूर्व पश्चिम राजमार्गको उत्तरी क्षेत्रमा रहेको बरण्डाभार वन क्षेत्र तथा त्यहाँ रहेका सामुदायिक वन क्षेत्रहरुमा मिति २०७७ साल जेष्ठ ११ गतेदेखी २० गतेसम्म बाघको आहार प्रजातीको सर्वेक्षण तथा विरालो प्रजातीको दिसा संकलन गरिएको छ । उक्त सर्वेक्षणका क्रममा बाघको आहार प्रजातीहरु चित्तल, जरायो, लगुना मृग रतुवा, बदेल, लंगुर तथा रातो बाँदरहरु प्रशस्त मात्रामा देखिएको थियो भने बाघ र चितुवाहरुको पाइलाहरु समेत पाइएको थियो ।

## २.० जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण कार्यक्रम

### २.१ विद्युतिय तारबार मर्मत

नेपालको पूर्वी तराईमा पर्ने झापा जिल्लाको बाहुनडाँगी क्षेत्रमा जंगली हात्तीहरुबाट मानवीय, पशुधन तथा खाद्यबालीको क्षति बढेका कारण विश्व बैंकको आर्थिक सहयोगमा विगत ६ बर्ष अगाडी आवादी र जंगलको सिमाना क्षेत्रमा राष्ट्रिय प्रकृति संरक्षण कोषले विद्युतिय तारबार गरेको थियो । उक्त तारबारको दीर्घकालिन व्यवस्थापनका लागि १२ जना सोलार प्राविधिक राखी संरक्षणमा सहयोग उपलब्ध गराउदै आएको छ। डिभिजन वन कार्यालय झापा, मेचिनगर नगरपालिका र मानव हात्ती द्वन्द व्यवस्थापन तथा वातावरण संरक्षण मञ्च बाहुनडाँगीको समन्वयमा तारवार संरक्षण कार्य भई रहेको छ । उक्त तारबार राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक सहयोगमा भारतको फेन्जगार्ड कम्पनीले चार बर्ष अधि निर्माण सम्पन्न गरेको थियो । हाल उक्त तारबार मध्ये केही क्षेत्रमा जंगली हात्तीले विगारेको कारण त्यस तारबारको संरक्षणका लागि कार्यरत १२ सोलार प्राविधिकहरुलाई



विद्युतिय तारबार मर्मत सम्बन्धी प्राविधिक तालिम सञ्चालन गरिएको थियो भने कोरोना भाइरस (Covid 19) का कारण तारबार मर्मत कार्य केही सयमका लागि स्थगित गरिएको छ साथै मर्मतको लागि आवश्यक सम्पूर्ण सामाग्रीहरु खरिद गरी मौज्दात गरिएको छ ।

### २.२ घाँसे मैदान व्यवस्थापन

चितवन राष्ट्रिय निकुञ्जमा ठुला ठुला ढड्डी बढ्नुका साथै नदी तटिय वनमा वनमारा एवं माइकेनिया जस्ता मिचाहा प्रजातीले अतिक्रमण गरी वन्यजन्तुहरुलाई चरिचरणका लागि आवश्यक पर्ने घाँसे मैदान क्रमिक रुपमा क्षयिकरण हुदै गई रहेको अवस्थामा चितवन राष्ट्रिय निकुञ्ज भित्र ३० हेक्टर, पुरानो पदमपुर स्थित अर्ना राखिएको इन्कोल्जर भित्र १० हेक्टर तथा बरण्डाभार जैविक मार्गमा रहेको चर्तुमुखी सामुदायिक वन क्षेत्रमा १० हेक्टर गरी कुल ५० हेक्टर क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गरी ट्याक्टरमा घाँस काट्ने मेसिनको प्रयोग गरेर घाँसे मैदानको व्यवस्थापन गरिएको छ साथै कुमरोज





मध्यवर्ती सामुदायिक वन क्षेत्रमा कंक्रिट मचान रहेको क्षेत्रमा ५० हेक्टर, बाघमारा मध्यवर्ती सामुदायिक वन क्षेत्रमा ४० हेक्टर, चित्रसेन मध्यवर्ती सामुदायिक वन क्षेत्रमा ४० हेक्टर तथा जनकौली मध्यवर्ती सामुदायिक वन क्षेत्रमा १० हेक्टर क्षेत्रमा गरी जम्मा १४० हेक्टर क्षेत्रमा घाँसे मैदान व्यवस्थापन गर्न यस केन्द्रले मेसिन उपलव्ध गराई सहयोग गरेको छ। निर्माण गरिएको घाँसे मैदानहरु चित्तल, गैंडा बदेल लगायतका वन्यजन्तुहरुले अधिक रुपमा प्रयोग गरिरहेको उक्त स्थानमा जडान गरिएका क्यामेरा ट्रयापले देखाएको छ।

### २.३ सिमसार क्षेत्रको संरक्षण तथा पुर्नस्थापना



बरण्डाभार जैविक मार्गमा अवस्थित चर्तुमुखी सामुदायिक वन क्षेत्रमा रहेको भालुखोला दोभान ताल तथा राप्ती नगरपालिका वडा नं. १, पिप्ले, चितवनमा अवस्थित सुरदेवी सामुदायिक वन क्षेत्रमा रहेको बँदेल तालमा जलकुम्भी र करौती झारले अतिक्रमण गरेको तथा विस्तारै ताल पुरिदै गएको एवं गर्मि समयमा ताल सुक्खा भई वन्यजन्तुलाई खाने पानीको अभाव भएको हुदाँ उक्त भालुखोला दोभान ताल तथा बँदेल ताललाई सरसफाई गरी पहिलेकै अवस्थामा पुर्नस्थापना गरिएको छ। जसले गर्दा उक्त क्षेत्रमा रहेका वन्यजन्तु तथा जलचरहरुको संरक्षण हुनका साथै वन्यजन्तुको बासस्थानमा समेत बृद्धि हुने अपेक्षा गरिएको छ।

### २.४ इको ट्रेल निर्माणमा सहयोग

चितवन राष्ट्रिय निकुञ्जलाई अन्नपूर्ण संरक्षण क्षेत्रसंग जोड्ने बरण्डाभार जैविक मार्गमा अवस्थित पञ्चकन्या सामुदायिक वन क्षेत्रमा पर्या-पर्यटन विकास गरी पूर्व पश्चिम राजमार्गको उत्तर क्षेत्रमा रहेको बरण्डाभार वन क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न साइकल हिड्ने बाटो निर्माण गरिएको छ। यस अघि निर्माण गरिएको बाटो एकतर्फी रहेकोमा करिव १.५ किलोमिटर थप बाटो बनाएर दुईतर्फी बनाइएको छ साथै उक्त नयाँ बाटोमा पर्ने खगेडी खोलामा साइकल र मान्छे हिड्न मिल्ने काठे पुल समेत निर्माण गरिएको छ। उक्त बाटो निर्माण गर्न यस केन्द्रद्वारा आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराइएको छ।



### २.५ विद्यालयलाई तारबार तथा वृक्षारोपणमा सहयोग

विद्यालय परिसर स्वच्छ र हरियाली कायम गरी विद्यार्थिहरुलाई पढ्ने वातावरण सृजना गर्न यस केन्द्रले विगत २ दशकदेखि विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएकोमा यस अवधिमा रत्ननगर ११, जमुनापुर, चितवन स्थित राष्ट्रिय प्राथमिक विद्यालय जमुनापुर 'क' र राष्ट्रिय आधारभूत विद्यालय देबौली (१-८) रत्ननगर नगरपालिका वडा नं. ४, देबौली, चितवनलाई विद्यालय परिसरमा तारबार तथा वृक्षारोपण गरी हरियाली कायम गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइएको छ।

### २.६ गुरुयोजना निर्माण

बरण्डाभार जैविक मार्गमा अवस्थित पञ्चकन्या सामुदायिक वन क्षेत्रमा पर्या-पर्यटन विकास गरि पूर्व पश्चिम राजमार्गको उत्तर क्षेत्रमा रहेको बरण्डाभार वन क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न यस केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा बोटानिकल गार्डेनको गुरु योजना निर्माण गरिएको छ।

### २.७ विद्यालयलाई फोटोकपी मेसिन तथा विज्ञान सामाग्री प्रदान

विद्यालय अध्ययन गर्ने विद्यार्थिहरुलाई भौतिक पूर्वाधार सामाग्रीहरु सहयोग गरी अध्ययन गर्न सहयोग गर्ने उद्देश्यले यस केन्द्रले विगत २ दशकदेखि विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएकोमा यस अवधिमा भरतपुर महानगरपालिका वडा नं. २७, मेघौली, चितवन स्थित श्री जानकी माध्यमिक विद्यालय, मेघौलीलाई ठुलो साइजको फोटो कपी मेसिन १ थान तथा विभिन्न विज्ञान सामाग्रीहरु सहयोग उपलब्ध गराइएको छ।

## ३.0 मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन कार्यक्रम

### ३.१ वन्यजन्तु उद्धार तथा व्यवस्थापन

चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रका साथै नेपालका विभिन्न स्थानमा घाइते, अपाङ्ग, असक्त, टुहुरा तथा समस्या दिने वन्यजन्तुहरुलाई नियन्त्रणमा लिई तिनीहरुको उचित व्यवस्थापनका लागी यस केन्द्रले स्थापना कालदेखी नै सहयोग गर्दै आएको छ। यस आर्थिक बर्षमा ९८ वटा वन्यजन्तुहरुको उद्धार, औषधी उपचार तथा व्यवस्थापनमा यस केन्द्रले सहयोग पुर्‍याएको छ भने मिति २०७६ माघ १ गतेदेखी २०७७ आषाढ मसान्तसम्ममा तालिका नं ३ मा उल्लेखित नेपालका विभिन्न स्थानहरुमा ६० वटा वन्यजन्तुको उद्धार, औषधी उपचार तथा व्यवस्थापनमा यस केन्द्रले सहयोग पुर्‍याएको छ। जसले गर्दा मानब र वन्यजन्तु दुवै तर्फ हुन सक्ने सम्भावित् क्षतिहरु न्यूनिकरण हुन सहयोग पुगेको छ।

**तालिका नं. ३ः उद्धार तथा औषधी उपचार गरिएका वन्यजन्तुहरुः**

| क्र.स. | मिति | वन्यजन्तुको नाम | लिङ्ग | उमेर | उद्धार तथा उपचार गरिएको स्थान | संख्या |
|---|---|---|---|---|---|---|
| १.० | २०७६।१०।२ | जंगली हात्ती | भाले | वयस्क | मनहरी | १ |
| २.० | २०७६।१०।०५ | गैंडा | भाले | वयस्क | चितवन रा. नि.खोरियामुहान | १ |
| ३.० | २०७६।१०।५ | गैंडा | पोथी | बच्चा | चितवन रा. नि.तमासपुर | १ |
| ४.० | २०७६।१०।१० | गैंडा | भाले | बच्चा | चितवन रा. नि.घुम्दा खोला | १ |
| ५.० | २०७६।१०।१० | गैंडा | भाले | बच्चा | बेलसार | १ |
| ६.० | २०७६।१०।१५ | गैंडा | पोथी | वयस्क | चितवन रा. नि.सुरुंग खोला | १ |
| ७.० | २०७६।१०।१७ | गैंडा | भाले | वयस्क | चितवन रा. नि.भुताहाखोला | १ |
| ८.० | २०७६।१०।२२ | चितुवा | भाले | वयस्क | पोखरा- ३२ गगनगौडा | १ |
| ९.० | २०७६।१०।२९ | मलाहा विरालो | पोथी | वयस्क | कलैया, बारा | १ |
| १०.० | २०७६।१०।२९ | अजिंगर | पोथी | वयस्क | रत्ननगर - ५, भ्रुवानी | १ |
| ११.० | २०७६।११।८ | गैडा | भाले | वयस्क | राप्ती नियन्त्रण सा. वन | १ |
| १२.० | २०७६।११।०७ | चित्तल | पोथी | वयस्क | कुमरोज | १ |
| १३.० | २०७६।११।११ | अजिंगर | पोथी | वयस्क | रत्ननगर - ६, बछौली | १ |
| १४.० | २०७६।११।१७ | जंगली हात्ती | पोथी | वयस्क | बर्दिया रा. नि. | १ |
| १५.० | २०७६।११।१८ | गैंडा | भाले | वयस्क | चितवन रा. नि.दुधौरा खोला | १ |
| १६.० | २०७६।११।२३ | हात्ती | भाले | वयस्क | खोरसोर | १ |
| १७.० | २०७६।११।२६ | गैंडा | भाले | वयस्क | गाजीपुर नारायणी नदी पारी | १ |

| क्र.स. | मिति | वन्यजन्तुको नाम | लिङ्ग | उमेर | उद्धार तथा उपचार गरिएको स्थान | संख्या |
|---|---|---|---|---|---|---|
| १८.० | २०७६।१२।२२ | चितुवा | पोथी | वयस्क | मेलौली -९, बैतडी | १ |
| १९.० | २०७७।०१।२ | गिद्ध | थाहा नभएको | थाहा नभएको | खगेन्द्रमल्ली | १ |
| २०.० | २०७७।०१।३ | बंदेल | भाले | बच्चा | डिभिजन वन कार्यालय | २ |
| २१.० | २०७७।०१।४ | चितुवा | भाले | वयस्क | पालुंगटार - ९ | १ |
| २२.० | २०७७।०१।५ | रतुवा | पोथी | वयस्क | गोर्खा - ५, दक्षिकाली | १ |
| २३.० | २०७७।०१।१० | चित्तल | भाले | बच्चा | डिभिजन वन कार्यालय | १ |
| २४.० | २०७७।०१।११ | जंगली हात्ती | भाले | वयस्क | हात्ती प्रजनन केन्द्र, खोरसोर | १ |
| २५.० | २०७७।०१।१७ | बँदेल | भाले १, पोथी ४ | बच्चा | डिभिजन वन कार्यालय, कावासोती | ५ |
| २६.० | २०७७।०१।२१ | साइमिन विराले सर्प | थाहा नभएको | थाहा नभएको | कार्यालय | १ |
| | २०७७।०१।२३ | बाघ | पोथी | वयस्क | चितवन रा. नि., कसरा | १ |
| २७.० | २०७७।०१।२५ | गैंडा | भाले | वयस्क | खोरिया मुहान पोष्ट | २ |
| २८.० | २०७७।०१।२८ | जरायो | पोथी | वयस्क | राप्ती डिभिजन वन कार्यालय, मनहरी | १ |
| २९.० | २०७७।०१।२९ | चरिबाघ | पोथी | बच्चा | थाङ्खोला | १ |
| ३०.० | २०७७।०१।३० | चितुवा | पोथी | बच्चा | रैनादेवी छहरा - ३, छाचुवा, पाल्पा | १ |
| ३१.० | २०७७।०२।५ | हात्ती | भाले | वयस्क | कमलामाई १३,रानीबास, सिन्धुली | १ |
| ३२.० | २०७७।०२।९ | गैंडा | भाले | वयस्क | सौराहा | १ |
| ३३.० | २०७७।०२।९ | अजिंगर | भाले | थाहा नभएको | होटल पार्क ल्याण्ड | २ |
| ३४.० | २०७७।०२।९ | अजिंगर | भाले | थाहा नभएको | रत्ननगर - ६, बछौली | १ |
| ३५.० | २०७७।०२।१० | अजिंगर | थाहा नभएको | थाहा नभएको | रत्ननगर - ६, बछौली | १ |
| ३६.० | २०७७।०२।१० | अजिंगर | भाले | थाहा नभएको | होटल पार्क ल्याण्ड | १ |
| ३७.० | २०७७।०२।१२ | काठे भालु | भाले | वयस्क | टिकौली | १ |
| ३८.० | २०७७।०२।१५ | अजिंगर | भाले | थाहा नभएको | सौराहा | १ |
| ३९.० | २०७७।०२।१७ | जोडा थोप्ले व्वाँसो सर्प | थाहा नभएको | थाहा नभएको | बाघमारा | १ |
| ४०.० | २०७७।०२।१९ | मगर गोही | भाले | थाहा नभएको | रत्ननगर ११, पंचकन्या | १ |
| ४१.० | २०७७।०२।१९ | व्वाँसो सर्प | बच्चा | बच्चा | कार्यालय | १ |
| ४२.० | २०७७।०२।२१ | मगर गोही | भाले | थाहा नभएको | रत्ननगर ११, पंचकन्या | १ |
| ४३.० | २०७७।०२।२७ | घामन सर्प | थाहा नभएको | थाहा नभएको | रत्ननगर - ६, बछौली | १ |
| ४४.० | २०७७।०२।२८ | अजिंगर | भाले | थाहा नभएको | रत्ननगर - ६, सौराहा | १ |
| ४५.० | २०७७।०२।२९ | अजिंगर | भाले | थाहा नभएको | रत्ननगर - ८, चित्रसारी | १ |
| ४६.० | २०७७।०३।३ | अजिंगर | थाहा नभएको | थाहा नभएको | रत्ननगर - ६, सौराहा | १ |
| ४७.० | २०७७।०३।५ | चितुवा | भाले | वयस्क | नेपाली सेना केन्द्रिय कार्यालय, भद्रकाली । | १ |
| ४८.० | २०७७।०३।८ | चितुवा | पोथी | वयस्क | जलजला - ७, पर्वत | १ |
| ४९.० | २०७७।०३।१२ | अजिंगर | भाले | थाहा नभएको | रत्ननगर - ६, सौराहा | १ |
| ५०.० | २०७७।०३।१३ | अजिंगर | भाले | थाहा नभएको | रत्ननगर - ५, भुवानी | १ |
| ५१.० | २०७७।०३।१४ | करेट सर्प | थाहा नभएको | थाहा नभएको | रत्ननगर ७, बाघमारा | १ |
| ५१.० | २०७७।०३।२८ | व्वाँसो सर्प | थाहा नभएको | बच्चा | चि. रा. नि. पूर्वी सेक्टर कार्यालय | १ |
| ५२.० | २०७७।०३।३१ | कछुवा | भाले | वयस्क | खगेडीको ड्याम नजिक | १ |
| ५३.० | २०७७।०३।३१ | सुन गोहोरो | थाहा नभएको | वयस्क | मगनी पर्सा । | १ |

### ३.२ राहत वितरणः

राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा सामुदायिक वन क्षेत्रबाट वन्यजन्तुहरु बाहिर आई मानव वस्तीमा प्रवेश गर्दा जीउधन, खाद्यान्न वाली तथा पशुधनमा क्षति पुऱ्याउने गरेको छ भने अर्को तर्फ मानविय क्रियाकलापका कारण दिनानुदिन मानव-वन्यजन्तु द्वन्द्व बढिरहेको छ । मानव-वन्यजन्तु द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तुप्रति हुने प्रतिशोधपूर्ण व्यहारबाट वन्यजन्तुहरुलाई क्षति पुग्ने क्रियाकलाप समेत हुदै आएको अवस्था छ । मानव-वन्यजन्तु बीच विद्यमान द्वन्द्व न्यूनीकरण गरी सह-अस्तित्व कायम गर्ने उद्देश्यले विभिन्न निरोधात्मक उपायहरु अवलम्वन गरिदै आइएको छ । मानव-वन्यजन्तु बीच सह-अस्तित्व कायम गर्नुका साथै वन्यजन्तुको आक्रमणमा परी अंगभंग भएका तथा मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई तत्काल राहतका अतिरिक्त उनीहरुको जीविकोपार्जनमा सहयोग गर्न यस अवधीमा तपसिलमा उल्लेखित् व्यक्तिहरुलाई यस केन्द्रद्वारा राहत प्रदान गरियो ।

**तालिका नं. ४ः राहत वितरणः**

| क्र.स. | निवेदकको नाम | मृत्यु /घाइते भएको व्यक्तिको नाम | निवेदकको नाता | ठेगाना | समस्या दिने जनावर | राहत रकम |
|---|---|---|---|---|---|---|
| १.० | श्री सावित्री कुमारी सापकोटा | श्री चन्द्रमणी सापकोटा | श्रीमति | भरतपुर - २८, चितवन | गैंडा | ५०,०००।०० |

### ३.३ छात्रवृत्ती वितरण



मानव-वन्यजन्तु द्वन्दका कारण असाहय हुन पुगेका बालबच्चाहरुको शिक्षामा सहयोग गर्ने उद्देश्यले पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा गठित् सुनाखरी उपभोक्ता समितिमा आर्थिक बर्ष २०७४/७५ र २०७५/०७६ मा गरी रु. १२,६३,९९३ ।०० को अक्षय कोष निर्माण गरिएको थियो । उक्त अक्षय कोषको व्याजबाट ठोरी गाँउपालिकाको विभिन्न क्षेत्रमा बसोबास गर्ने २८ जना स्थानीय बालबच्चाहरुको शिक्षाका लागी छात्रवृत्ती वितरण गरिएको छ । त्यस्तै गरी चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा गठित् मृगकुञ्ज उपभोक्ता समितिको कार्य क्षेत्रमा बसोबास गर्ने मानव-वन्यजन्तु पिडित असाहय १५ जना बालबच्चाहरुको शिक्षाका लागि Kinderhilfe Nepal e. V and German Nepal Friendship Association को आर्थिक सहयोगमा मिति २०७६ साल माघ २६ गतेका दिन छात्रवृत्ती वितरण गरिएको छ ।

**तालिका नं. ५ः छात्रवृत्ती वितरण गरिएका विबरणहरु**

| क्र.स. | नामाबली | स्थान | अध्ययनरत | छात्रवृत्ती रकम | कैफियत |
|---|---|---|---|---|---|
| १.० | श्री सृजन महतो | र.न.पा ७ | एल. के. जी | १५,०००।०० | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र |
| २.० | श्री स्वीकृती महतो | र.न.पा ७ | ५ | १५,०००।०० | |
| ३.० | श्री लक्ष्मण तामाङ्ग | र.न.पा ७ | ५ | १५,०००।०० | |
| ४.० | श्री राम तामाङ्ग | र.न.पा ७ | ५ | १५,०००।०० | |

| क्र.स. | नामाबली | स्थान | अध्ययनरत | छात्रवृत्ती रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५.० | श्री आशिका तामाङ्ग | र.न.पा ७ | यु. के. जी | १५,०००।०० | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र |
| ६.० | श्री प्रिन्सु महतो | र.न.पा ७ | एल.के. जी. | १५,०००।०० | |
| ७.० | श्री रोमन महतो | र.न.पा ७ | १ | १५,०००।०० | |
| ८.० | श्री राजिव महतो | र.न.पा ७ | ७ | १५,०००।०० | |
| ९.० | श्री सुजन श्रेष्ठ | र.न.पा ५ | ११ | १५,०००।०० | |
| १०.० | श्री सक्षम चौधरी | र.न.पा ८ | ३ | १५,०००।०० | |
| ११.० | श्री जीवन चौधरी | र.न.पा ५ | ९ | १५,०००।०० | |
| १२.० | श्री ज्योती चौधरी | र.न.पा ५ | ११ | १५,०००।०० | |
| १३.० | श्री प्राप्ती चौधरी | र.न.पा ९ | ४ | १५,०००।०० | |
| १४.० | श्री सिर्जना बोटे | माडी न. पा. २ | ४ | १५,०००।०० | |
| १५.० | श्री सृष्टि बोटे | माडी न. पा. २ | ५ | १५,०००।०० | |
| १६.० | श्री अस्मिता कुमारी | ठोरी गा.पा. ५ | कक्षा १ | २,५००।०० | पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र |
| १७.० | श्री चन्दन पासवान | ठोरी गा.पा. ५ | कक्षा ३ | २,५००।०० | |
| १८.० | श्री कमला पाखिन | ठोरी गा.पा. ५ | कक्षा ४ | २,५००।०० | |
| १९.० | श्री आस्मा रुम्वा | ठोरी गा.पा. ५ | कक्षा ३ | २,५००।०० | |
| २०.० | श्री निरजला स्याङ्गतान | ठोरी गा.पा. ५ | कक्षा ३ | २,५००।०० | |
| २१.० | श्री सुरज लोप्चन | ठोरी गा.पा. ५ | कक्षा ६ | २,५००।०० | |
| २२.० | श्री हृदम लामा | ठोरी गा.पा. ५ | कक्षा ७ | २,५००।०० | |
| २३.० | श्री बविता गौतम | ठोरी गा.पा. ५ | कक्षा ९ | २,५००।०० | |
| २४.० | श्री संशिला लामा | ठोरी गा.पा. ५ | कक्षा ७ | २,५००।०० | |
| २५.० | श्री अरुण स्याङ्गवो | ठोरी गा.पा. ५ | कक्षा ९ | २,५००।०० | |
| २६.० | श्री पुजा पाखिन | ठोरी गा.पा. ५ | कक्षा ८ | २,५००।०० | |
| २७.० | श्री दिपक लोप्चन | ठोरी गा.पा. ५ | कक्षा ७ | २,५००।०० | |
| २८.० | श्री रोसन पाखिन | ठोरी गा.पा. ५ | कक्षा ९ | २,५००।०० | |
| २९.० | श्री दिप नारायण राम | ठोरी गा.पा. ५ | कक्षा ६ | २,५००।०० | |
| ३०.० | श्री अरनिता पाखिन | ठोरी गा.पा. ५ | कक्षा १० | २,५००।०० | |
| ३१.० | श्री कविताकुमारी राउत कुर्मी | ठोरी गा.पा. ५ | कक्षा ६ | २,५००।०० | |
| ३२.० | श्री सुस्मिता पाखिन | ठोरी गा.पा. ५ | कक्षा ७ | २,५००।०० | |
| ३३.० | श्री अप्सरा योज्जन | ठोरी गा.पा. ५ | कक्षा ८ | २,५००।०० | |
| ३४.० | श्री सिमरन लोप्चन | ठोरी गा.पा. ५ | कक्षा २ | २,५००।०० | |
| ३५.० | श्री अनोज श्रेष्ठ | ठोरी गा.पा. ५ | कक्षा ६ | २,५००।०० | |
| ३६.० | श्री पूर्णिमा लामा | ठोरी गा.पा. ५ | कक्षा ६ | २,५००।०० | |
| ३७.० | श्री कृतेश श्रेष्ठ | ठोरी गा.पा. ५ | कक्षा ७ | २,५००।०० | |
| ३८.० | श्री मेलिना बस्नेत | ठोरी गा.पा. ५ | कक्षा १० | २,५००।०० | |
| ३९.० | श्री सरिताकुमारी कार्की | ठोरी गा.पा. ५ | कक्षा ७ | २,५००।०० | |

| क.स. | नामावली | स्थान | अध्ययनरत | छात्रवृत्ती रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४०.० | श्री प्रमिला लोप्चन | ठोरी गा.पा. ५ | कक्षा ९ | २,५००।०० | |
| ४१.० | श्री राधिका स्याङ्गवो | ठोरी गा.पा. ५ | कक्षा ८ | २,५००।०० | |
| ४२.० | श्री रेखा कुमारी भण्डारी | ठोरी गा.पा. ५ | कक्षा १० | २,५००।०० | |
| ४३.० | श्री विमला प्रधान | ठोरी गा.पा. ५ | कक्षा ८ | २,५००।०० | |
| ४४.० | श्री अरुण श्रेष्ठ | ठोरी गा.पा. ५ | कक्षा १० | २,५००।०० | |
| ४५.० | श्री विन्दु परियार | ठोरी गा.पा. ५ | कक्षा २ | २,५००।०० | |

## ४.० संरक्षण शिक्षा तथा प्रचार प्रसार कार्यक्रम

### ४.१ विश्व वन्यजन्तु तथा समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियान दिवस

'हाम्रो पहिचान: चोरी शिकार नियन्त्रणमा युबा परिचालन अभियान' भन्ने नाराका साथ मिति २०७६ साल फाल्गुण २० गतेका दिन चितवन राष्ट्रिय निकुञ्जको पूर्वी सेक्टरमा विश्व वन्यजन्तु तथा समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियान दिवस विभिन्न कार्यक्रम गरी मनाइयो। चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष, सौराहाको संयुक्त आयोजनामा आयोजित अन्तरक्रिया कार्यक्रममा वन्यजन्तु संरक्षणमा युवाहरुलाई अझ वढि जिम्मेवार वनाउनु पर्नेमा समेत जोड दिईयो। चितवन राष्ट्रिय निकुञ्ज पूर्वी सेक्टर, समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियान बछौलीको आयोजना तथा राष्ट्रिय प्रकृति संरक्षण कोष र बाघमारा मध्यवर्ती सामुदायिक वनको सहयोगमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो। उक्त अन्तरक्रिया कार्यक्रममा युवा जागरण अभियानकी अध्यक्ष डोमा पौडेल, राष्ट्रिय प्रकृति संरक्षण कोष, सौराहाका प्रमुख रामकुमार अर्याल र चितवन राष्ट्रिय निकुञ्ज पूर्वी सेक्टर प्रमुख गोपाल घिमिरेले वन्यजन्तु संरक्षणमा निकुञ्जले आगामी दिनमा गर्ने कार्यहरु समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यक्रममा स्थानीय संरक्षणकर्मी, सप्तगण्डकी बहुमुखी क्याम्पसका विद्यार्थीहरु तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

### ४.२ विद्यार्थीहरुलाई हात्ती संरक्षण सम्बन्धी जनचेतना

नेपालको पूर्वी तराईमा पर्ने झापा जिल्लाको मेचीनगर नगरपालिकामा अवस्थित श्री पशुपति माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयमा अध्ययरत ३०० जना विद्यार्थि तथा शिक्षक शिक्षिकाहरुलाई हात्तीको महत्व, यसको जैविक विविधतामा भूमिका र आक्रमणबाट बच्ने उपायहरु तथा यिनीहरुको संरक्षणमा हाम्रो दायित्व सम्बन्धि जनचेतना प्रदान गरिएको छ।



### ४.३ बाहुनडाँगी महोत्सवमा संरक्षण सम्बन्धी जनचेतना

स्थानिय संघ, संस्थाको सहयोगमा झापाको बाहुनडाँगी क्षेत्रमा मिति २०७६ फाल्गुण १७ गतेदेखी २३ गतेसम्म बाहुनडाँगी संगित तथा पर्यटन महोत्सव सञ्चालन भएको थियो। डिभिजन वन कार्यालय, मानव हात्ती द्वन्द व्यवस्थापन तथा वातावरण संरक्षण मञ्च, बाहुनडाँगी झापासंगको सहकार्यमा उक्त पर्यटन महोत्सवमा जंलगी हात्ती संरक्षण सम्वन्धी जनचेतना प्रदान गर्नुका साथै पर्चा, पम्प्लेटहरु वितरण गरिएको थियो। उक्त कार्यक्रममा प्रदेश न. १ का प्रदेश साँसद श्रीप्रसाद मैनालीको समेत सहभागिता रहेको थियो।

### ४.४ संरक्षण शिक्षा सम्बन्धी सामाग्री प्रकाशन तथा वितरण

जंगली हात्तीको प्रकोपबाट हुने मानवीय, पशुधन तथा खाद्यबालीको क्षति रोकथाम तथा न्यूनिकरण गर्न विभिन्न सरोकारवालाहरु सुसूचित हुनु अत्यावश्यक छ। स्थानीय बासिन्दाहरुलाई जनचेतना अभिबृद्धि गर्न सकेमा मात्र यस्ता घटनाहरु क्रमिक रुपमा घट्ने देखिन्छ। त्यसैले स्थानीय बासिन्दाहरुमा जनचेतना अभिबृद्धि गर्न जंगली हात्तीबाट सुरक्षित हुने उपायहरु सम्बन्धि पर्चा, पम्पेल्टहरु तयार गर्नुका साथै विभिन्न स्थानमा होडिङ्ग बोर्डहरु समेत राखिएको छ।

### ४.५ वन्यजन्तु आखेटोपहार प्रदर्शनी तथा सूचना केन्द्र

चितवन राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रहरुमा पर्या-पर्यटनको विकासका साथै वन्यजन्तु संरक्षण सम्बन्धि जनचेतना फैल्याउने उद्देश्यका साथ केन्द्रद्वारा वन्यजन्तु ओखेटोपहार प्रदर्शनी तथा सूचना केन्द्रको सञ्चालन भएको छ। हाल सञ्चालन भई रहेको उक्त वन्यजन्तु ओखेटोपहार प्रदर्शनी तथा सूचना केन्दको स्तरोन्नती गरि नयाँ भवन समेत थप गरिएको छ। उक्त सूचना केन्द्र राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटकहरुका लागि आकर्षक गन्तव्य स्थलको रुपमा विकास भई सकेको छ। यस अवधीमा तालिका नं. ६ मा उल्लेख भए अनुसार स्वदेशी तथा विदेशी पर्यटकहरुले उक्त सूचना केन्द अवलोकन गरेका छन्। विश्व व्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid 19) का कारण मिति २०७६ साल चैत्र ६ गतेदेखी हालसम्म उक्त वन्यजन्तु ओखेटोपहार प्रदर्शनी तथा सूचना केन्द्र बन्द गरिएको छ।


**तालिका नं. ६: पर्यटक अगमनको विवरणः**

| समय | अन्तराष्ट्रिय | सार्क | राष्ट्रिय | विद्यार्थी | जम्मा |
|---|---|---|---|---|---|
| २०७६ माघ १ गतेदेखी आषाढ मसान्तसम्म | १२९ जना | ७३२ जना | ११०८७ जना | ५२९५ जना | १७२५३ जना |

## ५.0 स्वास्थ्य तथा सामुदायिक विकास कार्यक्रम

### ५.१ वन्यजन्तु अस्पताल व्यवस्थापन

यस केन्द्रले नेपाल सरकार र सो अन्तरगत रहेका निकायहरुसंग प्रत्यक्ष समन्वय राखी मुलुकका विभिन्न स्थानबाट समस्याग्रस्त, असक्त, अनाथ, असहाय, घाईते तथा टुहुरा वन्यजन्तुको उद्धार गरी उपचार तथा व्यवस्थापन गर्दै आएको छ। उद्धार गरिएका विभिन्न प्रजातिका वन्यजन्तुहरुको व्यवस्थापन गर्न केन्द्रसंग भौतिक पूर्वधारको अभावका कारण तिनीहरुको स्वास्थ्य परिक्षण तथा उपचार गर्न कठिनाई हुने गरेको थियो। वन्यजन्तुहरुको स्वास्थ्य परिक्षण तथा उपचार छिटो, सजिलो र प्रभावकारी बनाउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषको संयुक्त आयोजनामा चितवन राष्ट्रिय निकुञ्जको पूर्वी सेक्टर, सौराहामा १४ कोठे दुई तल्ले वन्यजन्तु अस्पताल भवन निर्माण कार्य सम्पन्न भएको छ। उक्त वन्यजन्तु अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने ल्यावरोटरी लगायत एक्सरे मेसिन समेत नेपाल सरकारको सहयोगमा खरिद गरि उच्च स्तरिय सेवा सहितको वन्यजन्तु अस्पताल सञ्चालनमा ल्याउने केन्द्रको लक्ष्य रहेको छ।



### ५.२ चितवन राष्ट्रिय निकुञ्जमा वन पथ निर्माण

कोशीटप्पु वन्यजन्तु आरक्ष र सदर चिडियाखानाबाट स्थानान्तरण गरि ल्याइएका अर्नाहरु चितवन राष्ट्रिय निकुञ्जको पूर्वी सेक्टरमा पर्ने पुरानो पदमपुर क्षेत्रमा खुल्ला खोर (Enclosure) निर्माण गरी राखिएको छ। उक्त अर्नाहरुको दैनिक रुपमा अनुगमन गर्नुका साथै नियमित रुपमा प्राविधिक तथा पशु चिकित्सकबाट चेकजाँच गर्ने गरिएको छ। उक्त कार्यका लागि चितवन राष्ट्रिय निकुञ्जमा रहेको सौराहाघाटदेखी अर्ना राखिएको खुल्ला खोर (Enclosure) सम्म ४.५ किलोमिटर लामो वनपथ सुधार तथा मर्मत गरिएको छ।

उक्त कार्य युएसएड हरियो वन कार्यक्रमको आर्थिक सहयोगमा सम्पन्न गरिएको हो ।

**५.३ पानी टंकी निर्माण**

पर्सा राष्ट्रिय निकुञ्ज चुरे तथा भावर क्षेत्रमा अवस्थित राष्ट्रिय निकुञ्ज हो । पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा गर्मीको समयमा पानीको सधैं अभाव रहने गरेको छ । जसले गर्दा त्यहाँ पालिएका हात्तीहरुलाई गृष्मयाममा पानी खुवाउन अत्यान्तै कठिनाई हुने भएको कारण अमलेखगञ्ज हात्तीसारमा १०,००० लिटर क्षमताको पानी टंकी निर्माण गरिएको छ ।

**५.४ समुदायद्धारा पहिचान गरिएका कार्यक्रमहरु**

स्थानीय समुदायहरुलाई जैविक विविधता संरक्षण गर्न सक्रिय भूमिका खेल्न अभिप्रेरित गर्ने उद्देश्यका साथ तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालनार्थ आर्थिक सहयोग प्रदान गरिएको छ । उक्त सहयोगले स्थानीय जनमानसमा सकारात्मक सोचको विकास भई संरक्षण कार्यमा सहयोग पुगेको छ ।

**तालिका नं. ७: सहयोग प्रदान गरिएको विवरण:**

| क्र.स. | नाम | ठेगाना | गरिएका गतिविधी | उपलव्धी | आर्थिक श्रोत |
|---|---|---|---|---|---|
| १.० | देवीथान म. सा. वन. उ. स. | खैरहनी १०, कुसहाना, चितवन | सूचनामूलक बोर्ड लेखन तथा व्यवस्थापन । | कुचकुचे वन क्षेत्रमा पर्ने ४ वटा सा. वनहरुमा सूचनामूलक बोर्ड राखी तथा व्यवस्थापन गएिको | आन्तरिक |
| २.० | रेष्टुरेन्ट एण्ड बार एशोसियसन नेपाल | रत्ननगर. ७, सौराहा, चितवन | १४औं सौराहा फुड फेष्टिवल २०७६ सञ्चालन | मिति २०७६।१०।२६ गतेदेखी मिति २०७६।११।३ गतेसम्म १४औं सौराहा फुड फेष्टिवल सञ्चालन गरिएको । | आन्तरिक |
| ३.० | मध्यवर्ती क्षेत्र पशु सेवा उपभोक्ता समिति | रत्ननगर नगरपलिका वडा नं. ६, चितवन । | ल्यावका लागि आवश्यक समाग्रीहरु खरिद गर्ने । | ल्यावका लागि आवश्यक समाग्रीहरु खरिद गरी गाईबस्तुको उपचार गरिएको | आन्तरिक |
| ४.० | ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, विश्व कल्याणी भवन | रत्ननगर नगरपालिका वडा नं. २, टाँडी, चितवन । | मैनाहा स्थित गीतापाठशाला क्षेत्रमा तारबार तथा वृक्षारोपण गरिएको । | ब्रह्माकुमारी राजयोग सेवा केन्दले सञ्चालन गरेको गीतापाठशाला क्षेत्रमा तारबार निर्माण गरिएको । | आन्तरिक |
| ५.० | पटिहानी उपभोक्ता समिति | भरतपुर महा( नगरपालिका वडा नं. २२, पटिहानी, चितवन | घडियाल गोहीको बासस्थान सुधार | बेलशहर मध्यवर्ती सामुदायिक वनमा छितामाई क्षेत्र तथा राप्ती नदीमा घडियाल गोहीको बासस्थान सुधार गरिएको । | आन्तरिक |
| ६.० | राइनो क्लब | मध्यविन्दु नगरपालिका वडा नं. ४, नवलपरासी । | राष्ट्रिय स्तरीय राईनो संरक्षण गोल्डकप फुटबल प्रतियोगिता २०७६ सञ्चालन गर्ने । | राष्ट्रिय स्तरीय राईनो संरक्षण गोल्डकप फुटबल प्रतियोगिता २०७६ सञ्चालन गरि आन्तरिक पर्यापर्यटन प्रबन्धन गरिएको । | आन्तरिक |
| ७.० | थारु साँस्कृतिक संग्रहालय तथा अनुसन्धान केन्द | रत्ननगर नगरपालिका वडा नं. ६, बछौली, चितवन । | थारु साँस्कृतिक संग्रहालय भवनमा आवश्यक फर्निचर खरिद | थारु साँस्कृतिक संग्रहालय भवनमा आवश्यक फर्निचर खरिद गरि कार्यालय व्यवस्थापन गरिएको । | आन्तरिक |
| ८.० | मिलिजुली मौरीपा( लन पकेट | कालिका नगरपालिका वडा नं. १, चितवन । | नर्सरी तयार गरी विरुवा उत्पादन गर्ने । | मौरीको लागि उपयुक्त हुने खालका विरुवाहरु उत्पादन गरि वृक्षारोपण गरिएको । | आन्तरिक |

### ५.३ हात्तीको औषधोपचार

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने सौराहा, मेघौली तथा जगतपुर लगायतका क्षेत्रमा रहेका होटलहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई हात्ती सफारी प्रदान गर्ने उद्देश्यले हात्तीहरु पालिएको छ। उक्त हात्तीहरु मध्ये यस आर्थिक बर्षमा ६० वटा हात्तीको औषधोपचारमा यस केन्द्रबाट प्राविधिक सहयोग उपलब्ध गराइएको छ।

## ६.0 मानविय स्रोत तथा समुदायको क्षमता विकास कार्यक्रम

### ६.१ नेचर गाइड पुर्नताजगी तालिम

चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा कार्यरत नेचर गाइडहरुको क्षमतामा अभिबृद्धि गर्ने उद्देश्यले चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता सरक्षण केन्द्र, सौराहा, चितवनको संयुक्त आयोजनामा मिति २०७६ साल फाल्गुण ३ र ४ गतेका दिन १/१ दिने नेचर गाइड पुर्नताजगी तालिम सञ्चालन गरिएको थियो। उक्त तालिममा पहिलो दिन ५६ जना र दोश्रो दिन ४२ जना गरी ९८ जना नेचर गाइडहरुको सहभागिता रहेको थियो।

### ६.२ गैडा संरक्षण तथा यसको मृत्यु दर सम्बन्धी छलफल

चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा रहेका एक सिंगे गैडा विभिन्न कारणले गर्दा मृत्यु दर बढि रहेको अवस्थामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता सरक्षण केन्द्र, सौराहा, चितवनको संयुक्त आयोजनामा मिति २०७६ साल फाल्गुण ७ गतेका दिन १ दिने Rhino Conservation and Increasing Rhino Mortality in Chitwan विषय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष, स्थानिय सरकार, संघ, संस्था तथा सरोकारवालाहरु गरी ३८ जनाको सहभागिता रहेको थियो।

### ६.३ मानव हात्ती द्वन्द व्यवस्थापन तथा सहकार्य सम्बन्धी अन्तरक्रिया तथा गोष्ठी

नेपालको पूर्वी तराईमा पर्ने झापाको बाहुडाँगी क्षेत्रमा जंगली हात्तीको प्रकोपबाट हुने मानवीय, पशु धन तथा खाद्यबालीको क्षति रोक्न तथा विभिन्न सरोकाररवाहरु विच समन्वय गरी कार्य सञ्चालन गर्न डिभिजन वन कार्यालय, झापा, मेची नगरपालिका, वडा कार्यालयहरु, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय, वनपाले, मानव हात्ती द्वन्द व्यवस्थापन तथा वातावरण संरक्षण समाज, स्थानीय सरकार, स्थानीय संघ, संस्था, समूह तथा बासिन्दाहरुसंग मिति २०७६ माघ १, ३, ५ र ६ गतेकादिन विभिन्न स्थानहरुमा मानव हात्ती द्वन्द व्यवस्थापन तथा सहकार्य विषयमा छलफल तथा अन्तरक्रिया सम्पन गरियो। उक्त कार्यक्रममा १५३ जनाको सहभागिता रहेको थियो।

### ६.४ हात्ती द्रुत प्रतिक्रिया समूह गठन, तालिम तथा परिचालन (Formation, Training and mobilization of Elephant Response Team)

डिभिजन वन कार्यालय, झापासंगको सहकार्यमा झापाको बाहुनडाँगी क्षेत्रमा ३५ जनाको सहभागितामा हात्ती द्रुत प्रतिक्रिया समूह गठन गरिएको छ भने राष्ट्रिय प्रकृति संरक्षण कोष, सौराहा आर्थिक सहयोगमा उक्त समूहलाई मिति २०७६ फाल्गुन १२ र १३ गते तालिम सञ्चालन गरिएको थियो। उक्त तालिम पश्चात सहभागिहरुलाई फिल्डको लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु समेत सहयोग उपलब्ध गराइएको छ।




### ६.५ अष्ट्रेलियन विद्यार्थीहरुको तालिम

राष्ट्रिय प्रकृति संरक्षण कोष र अष्ट्रेलियाको फेडेरेसन विश्वविद्यालय विच भएको सम्झौता अनुसार अष्ट्रेलियाको फेडेरेसन विश्वविद्यालयमा अध्ययनरत २० जना विद्यार्थीहरुलाई वन, वातावरण तथा वन्यजन्तु अनुसन्धान एवं समुदायको

सहभागितामा भएका संरक्षणका प्रयासहरु विषयमा मिति २०७६ पौष २३ गतेदेखी सञ्चालन गरिएको ६ हप्ताको तालिम सम्पन्न भयो। उक्त तालिममा सहभागिहरुलाई सैद्धान्तिक तथा व्यवहारिक ज्ञान समेत प्रदान गरिएको थियो।

### ६.६ तथ्याङ्क संकलन

कोशीटप्पु वन्यजन्तु आरक्ष तथा डिभिजन वन कार्यालयहरुसंगको सहकार्यमा नेपालको पूर्वी तराई क्षेत्रमा जंगली हात्तीले पारेको असर तथा यसको व्यवस्थापन सम्बन्धी तथ्याङ्क संकलन भैरहेको छ। यस्तो तथ्याङ्क संकलनको लागि मोबाइल एपको विकास गरिएको छ, जुन नेपाल भरि प्रयोग गर्न सकिन्छ। उक्त एप एन्ड्रोइड मोवाइलमा गुगल प्लेस्टोर (लिंक https://play.google.com/store/apps/details?id=com.salyani.hwcnepal बाट प्राप्त गर्न सकिन्छ।

## ७.० प्रजाती प्रजनन, संरक्षण तथा व्यवस्थापन कार्यक्रम

### ७.१ गिद्ध संरक्षण तथा प्रजनन

नेपालमा ८ प्रजातिका गिद्धहरु पाइन्छन्। विगत अढाई दशकदेखि भारतीय उपमहादिपमा गिद्धको संख्या झण्डै ९५ प्रतिशत घटिसकेको छ। प्राकृतिक अवस्थामा गिद्धको संरक्षणमा चुनौती देखिएकाले नेपाल सरकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, पंक्षी संरक्षण संघ नेपाल, रोयल सोसाइटी फर प्रोटेक्सन अफ वर्ड र जुलोजिकल सोसाइटी अफ लण्डनको संयुक्त प्रयासमा  सन् २००८ मा चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्ध प्रजनन केन्द्रको स्थापना गरिएको थियो। यस प्रजनन् केन्द्रको क्षेत्रफल ६३७५ वर्गमिटर रहेको छ। उक्त केन्द्रमा विभिन्न उमेर समूहका ३१ वटा डंगर गिद्धहरुको नियमित रेखदेख, हेरचाह तथा उपचार भैरहेको छ।

### ७.२ घडियाल गोही प्रजनन कार्यक्रम

नेपालका नदीहरुमा लोपोन्मुख घडियाल गोहीको संख्यामा कमी हुन नदिई यिनीहरुको अस्तित्वलाई दीर्घकालिन रुपमा सुनिश्चित गर्न सहयोग पुऱ्याउने उद्देश्यले इ. स. १९७८ मा चितवन राष्ट्रिय निकुञ्जको प्रधान कार्यालय कसरामा घडियाल प्रजनन केन्द्रको स्थापना गरिएको थियो। उक्त घडियाल प्रजनन केन्द्रलाई राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवनले पर्यटकहरुसँग निश्चित शुल्क संकलन गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको आवश्यकता अनुसार आर्थिक सहयोग उपलब्ध गराउदै आएको छ। हाल उक्त प्रजनन केन्द्रमा ५९५ वटा गोही रहेका छन्।

### ७.३ हात्ती प्रजनन कार्यक्रम

नेपालको तराई क्षेत्रमा रहेका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुमा नियमित रुपमा गस्ती गर्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकहरुलाई घुमाउन र विभिन्न अध्ययन अनुसन्धान कार्यहरुमा आवश्यक पर्ने घरपालुवा हात्तीहरु उत्पादन गर्ने उद्देश्यले नेपाल सरकारले चितवनको खोरसोरमा वि. स. २०४३ सालमा हात्ती प्रजनन केन्द्रको स्थापना गरेको थियो। उक्त केन्द्रमा रहेका हात्तीहरुको औषधी उपचार तथा व्यवस्थापन कार्यका लागी राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्रले सहयोग पुऱ्याउदै आएको छ। त्यस्तै यस केन्द्रमा आउने पर्यटकहरुसंग निश्चित शुल्क संकलन गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको माग अनुसार आर्थिक सहयोग उपलब्ध गराउदै आएको छ। खोरसोर हात्ती प्रजनन केन्द्रमा उत्पादित हात्तीका बच्चाहरुलाई तालिम दिए पश्चात निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुमा पठाउने गरिन्छ। हाल उक्त हात्ती प्रजनन केन्द्रमा हाल जम्मा १८ वटा हात्तीहरु रहेका छन्।




जंगली हात्तीबाट सुरक्षित हुने उपायहरु
मानव हात्ती सह-अस्तित्व कायम राखौं ।
हात्ती लखेट्दा चारैतिरबाट घेरा हाल्नु हुँदैन, भाग्ने बाटो नपाएमा हात्ती आतिएर मान्छेलाई आक्रमण गर्न सक्छ । सधैं हात्ती भाग्ने बाटो छोड्नु पर्छ ।
हात्तीको धेरै नजिक जानु हुँदैन । हात्तीलाई चोटपटक लाग्ने गरी आक्रमण गर्नु हुँदैन, यसो गर्दा हात्ती झन रिसाउने र बढि विनाश गर्न सक्छ । हात्ती इखालु जनावर भएकोले यसलाई जिस्क्याउनु हुँदैन ।
हात्ती लखेट्न एक्लै जानु हुँदैन, समूहमा जानु पर्छ । रातिमा जाँडरक्सी सेवन गरी बाहिर हिड्न तथा हात्ती लखेट्न जानु हुँदैन ।
सोलार तारबार नियमित रुपमा मर्मत संभार गरी हात्तीलाई वस्ती क्षेत्रमा पस्नबाट रोक्नु पर्छ । हात्ती आएको खण्डमा यस सम्बन्धी जानकारी आवश्यकता अनुसार समुदायमा दिई सम्बन्धी निकायमा खबर गर्नुपर्छ।
खानेकुरा राखेको ठाउँ नजिक सुत्नु हुँदैन । घरमा जाँडरक्सी राख्नु हुँदैन ।
NTNC
U.S. FISH & WILDLIFE SERVICE

## वन्यजन्तु संरक्षणबाट हामीलाई के फाइदा हुन्छ ?

- प्राकृतिक वातावरण सन्तुलित राख्न वन्यजन्तुहरुको ठुलो भूमिका रहन्छ । सन्तुलित प्राकृतिक वातावरणले अमूल्य प्राकृतिक सेवा पुऱ्याउँदछ ।
- राष्ट्रिय निकुञ्जले वन्यजन्तुहरुको अवलोकन गर्न आउने पर्यटकहरुबाट उल्लेखनिय राजश्व आर्जन गर्ने गरेको छ ।
- जस्तैः चितवन राष्ट्रिय निकुञ्जले मात्र बार्षिक करिव ६ करोड रुपैयाँ राजश्व संकलन गर्दछ ।
- सङ्कलित राजश्वको ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रको विकास र संरक्षणमा खर्च गर्न पाइन्छ ।
- अद्धितिय प्राकृतिक वातावरण र महत्वपूर्ण वन्यजन्तुको बासस्थान भएकोले चितवन राष्टिय निकुञ्ज सन् १९८४ मा विश्व सम्पदा सूचीमा समावेश गरिएको छ ।
- चितवन राष्टिय निकुञ्जको भ्रमणमा आउने पर्यटकहरुका कारण स्थानीय बासिन्दाहरुले करोडौं रुपैयाँ बराबरको आय-आर्जन गरिरहेका छन् ।

## वन्यजन्तु मार्नु सामाजिक र कानुनी अपराध हो ।

- वन्यजन्तु तथा तिनीहरुको हड्डी तथा छाला लगायतका अंगहरुको किनबेच र ओसारपसार गर्नु वा घरमा राख्नु गैह कानूनी कार्य हो ।
- यस प्रकारको अपराध गर्नेलाई अपराध हेरी रु. ५०,०००।०० (अक्षरेपी पचास हजार रुपैयाँ) देखि रु. १०,००,०००।०० (अक्षरेपी दश लाख रुपैयाँ) सम्म जरिवाना वा ५ बर्षदेखि १५ बर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था प्रचलित नेपालको कानूनमा व्यवस्था छ ।

## तपाईले कसरी सहयोग गर्न सक्नुहुन्छ ?

- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा वन क्षेत्रबाट बाहिर आउने नरभक्षी बाघ र अन्य वन्यजन्तुहरुको बारेमा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष वा सुरक्षा कर्मचारीहरुलाई समयमा नै जानकारी गराएर ।
- स्थानीय रुपमा सञ्चालित पर्यटन विकास, मध्यवर्ती क्षेत्र विकास, सामुदायिक वन तथा अन्य आय आर्जन कार्यक्रमहरु मा सहभागी भएर ।
- वन्यजन्तु मार्ने अपराधी र शंकास्पद व्यक्तिहरु बारे राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षका अधिकारी तथा सुरक्षा निकायहरुलाई गोप्य जानकारी उपलब्ध गराएर ।

## जानकारी कहाँ उपलब्ध गराउने ?

- राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षका कार्यालयहरु ।
- राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षका क्षेत्रिय शाखा कार्यालयहरु र पोष्टहरु तथा सुरक्षा चौकीहरु ।
- जिल्ला वन कार्यालयहरु, सेक्टर वन कार्यालयहरु, इलाका वन कार्यालयहरु र रेञ्ज पोष्टहरु ।
- विभिन्न प्रहरी कार्यालयहरु, भँसार कार्यालयहरु र नेपाली सेनाको सुरक्षा जाँच चौकीहरु ।

**चोरी शिकार र वन्यजन्तु अपराध बारे सूचना दिने व्यक्तिलाई रु. ५०,०००।००**
(अक्षरेपी पचास हजार रुपैयाँ) सम्म नगद पुरस्कार दिन सक्ने व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा व्यवस्था रहेको छ ।




## पाठकबृन्दमा अनुरोध

यस समाचारपत्रलाई परिष्कृत र परिमार्जित गरी अझै ज्ञानमूलक बनाउने हाम्रो लक्ष्य रहेको हुँदा सो कार्यको निम्ति पाठकबृन्दहरुबाट उपयुक्त सुझाव र सामाग्रीहरुको आशा गरेका छौं । यहाँहरुको बहुमुल्य सुझाव र रचनाहरु निम्न ठेगानामा पठाई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

**सूचना शाखा**
**जैविक विविधता संरक्षण केन्द्र**
सौराहा, चितवन
फोनः ०५६-५८००६२, फ्याक्सः ०५६-५८०१५३

नामः ..................................................

ठेगानाः ..................................................